संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज १९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले "जनप्रतिनिधिहरुको सर्वोच्च निकाय संघीय संसद एवं संसद सदस्यले स्वीकृत विधि, पद्धति एवं प्रकृया पालना गर्ने कुरामा अझै बढी संवेदनशील एवं प्रतिवद्ध हुन आवश्यक छ भन्ने कुरालाई आत्मसात गर्दै सभाको नियमित प्रकृयामा प्रवेश गरी आफ्ना भनाई राख्न अनुरोध गर्दछु । सभाको बैठकको नियमित अवरोधको कारण आम जनमानसमा संसद प्रतिनै वितृष्णा हुनसक्नेतर्फ हामी सबै सचेत हुन जरुरी छ । हामी सबैको रचनात्मक भूमिकाले नै संसदको प्रभावकारीता अभिवृद्धि हुन्छ भन्ने कुरामा म विस्वस्त छु र माननीय सदस्यहरुलाई पनि यस विषयमा मनन् गर्न आग्रह गर्दछु" भन्नुभयो ।

साथै वहांले "सभाको बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिन र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) बमोजिम बैठक संचालनमा आवश्यक सहयोगको लागि समेत अनुरोध गर्दछु । मैले अघिल्ला बैठकहरुमा पनि भनेको छु, नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँछु । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन् उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध गर्दछु" भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नारेकिएपछि नाराको बीच सम्माननीय सभामुखको अनुमतिले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपालको संविधानको धारा २९४ बमोजिम "राष्ट्रिय दलित आयोगको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७" पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज २२ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव